वर्ष ५, अंक ८, मंसिर

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# अपराध अनुसन्धान

## मासिक ई-वुलेटिन















**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान
मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी

**सल्लाहकार**
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. निता थापा
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ह पुरूषोत्तम माझी
प्र.ज भावना चन्द


| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १०–११ |
| खोजतलास तथा समन्वय | १२ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १३ –१४ |
| अपराध समाचार | १५–१९ |
| उत्कृष्ट अनुसन्धान | २० |

# विभागीय गतिविधि

## भौतिक पूर्वाधारमा आत्मनिर्भर बनाई संगठनलाई संस्थागत रुपमा सवल र सक्षम बनाउन प्रहरी संगठन कटिवद्ध :प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह



*सिन्धुली, २८ मंसिर*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले आवास तथा भौतिक पूर्वाधारमा आत्मनिर्भर बनाई प्रहरी संगठनलाई संस्थागत रुपमा सवल र सक्षम बनाउन प्रहरी प्रधान कार्यालय सधै कटिवद्ध र प्रयासरत् रहेको बताउनुभएको छ। बागमती प्रदेश प्रहरी तालिम केन्द्र, दुधौलीको परिसरमा नवनिर्मित क्वाटर गार्ड, आन्तरिक प्रशिक्षणालय, प्रशिक्षार्थी ब्यारेक र भान्साघर भवनहरुको आयोजित एक कार्यक्रमबीच उद्घाटन पश्चात सम्बोधनको क्रममा प्रहरी महानिरीक्षक सिंहले उक्त कुरा बताउनुभएको हो । सो अवसरमा प्रहरी महानिरीक्षक सिंहले नव-निर्मित भवनहरूबाट प्राप्त हुने सेवा-सुविधाका कारण प्रशिक्षण वातावरण थप ऊर्जामय हुने विश्वास व्यक्त गर्दै यसले प्रशिक्षक र तालिमरत् प्रशिक्षार्थीको तालिम प्रतिको सकारात्मक भावना र उच्च मनोवलको सुनिश्चितताको साथै प्रशिक्षण प्रभावकारितामा उल्लेख्य वृद्धि हुने विचार व्यक्त गर्नुभयो । व्यावसायिक प्रहरी उत्पादन गर्ने दृष्टिले प्रशिक्षण वातावरण महत्वपूर्ण र संवेदनशील विषय रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, “अनुशासन, प्रशिक्षण शैली, स्रोतको समुचित प्रयोग आदिका दृष्टिले तालिम केन्द्र नमूना हुन जरुरी छ।”

प्रहरी महानिरीक्षक सिंहले तालिमलाई कसरी प्रभावकारी र समय-सापेक्ष बनाउन सकिन्छ भन्नेमा समादेशकको टिम केन्द्रित हुनु पर्ने उल्लेख गर्दै तालिम केन्द्रको मापन तालिमको गुणस्तर र त्यसबाट उत्पादित प्रहरी जनशक्तिले कार्यक्षेत्रमा गर्ने प्रदर्शन एवं नागरिकले गर्ने न्यायानुभूतिका आधारमा हुने बताउनुभयो। समयानुकूल र गुणस्तरीय प्रशिक्षण प्रणालीलाई अवलम्बन गरी सकारात्मक परिणाममा केन्द्रित रहन समादेशक र तालिम केन्द्र टिमलाई उहाँले निर्देशन दिनुभयो। बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक किरण बाज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा दुधौली नगरपालिकाका प्रमुख दिनेश अधिकारीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। बागमती प्रदेश प्रहरी तालिम केन्द्र, दुधौलीका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक मोहन प्रसाद पोखरेलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा बागमती प्रदेश प्रहरी कार्यालय, भौतिक पूर्वाधार शाखाका प्रमुख प्राविधिक प्रहरी उपरीक्षक ईश्वर थापाले भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै उक्त भवनहरू नेपाल प्रहरीको नियमित बजेटबाट कूल ३५ करोड १३ लाख ३३ हजार ४ सय ७० रूपैयाँको लागतमा निर्माण कार्य सम्पन्न भएको जानकारी दिनुभयो।

उद्घाटन कार्यक्रममा नेपाली सेना श्री ९ नम्बर बाहिनी अड्डा, माझीटार व्यारेक, सिन्धुलीका प्रमुख सहायक रथी शक्ति जंग बस्नेत, मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक मसाउद आलम खाँ, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू, प्रहरी अधिकृतहरू, जिल्लास्थित विभिन्न कार्यालयका प्रमुखहरू, समाजसेवी, संचारकर्मी तथा प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो।

## प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह र अमेरिकी राजदूतबीच शिष्टाचार भेटघाट



*काठमाडौं, १६ मंसिर*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह र नेपालका लागि मित्रराष्ट्र संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत डिन रिचार्ड थम्पसनबीच नेपाल प्रहरी प्रधान कार्यालयमा शिष्टाचार भेटघाट भएको छ। उक्त अवसरमा अमेरिकी राजदूत थम्पसनले हालै नेपालमा सम्पन्न आम निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल प्रहरीले निर्वाह गरेको विशेष भूमिकाको प्रशंसा गर्नुभयो । नेपाल प्रहरीमा दक्ष जनशक्ति उत्पादन गर्न तालिमको व्यवस्थाको साथै प्रविधिको विकास, साईबर अपराध नियन्त्रण एवम् महिला तथा बालबालिकाको क्षेत्रमा अमेरिकी सरकारले सहयोग गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो। नेपाल प्रहरीले सार्वजनिक शान्ति कायम राख्न अपनाएको नीतिले अमेरिकी नागरिकले नेपालमा आफूलाई सुरक्षित ठानेको उल्लेख गर्दै राजदूत थम्पसनले यसका लागि नेपाल प्रहरीलाई धन्यवाद दिनुभयो। भेटघाटका अवसरमा प्रहरी महानिरीक्षक सिंहले अमेरिकी सरकारले नेपाल प्रहरीलाई गर्दै आएको सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो । आगामी दिनमा पनि यस्ता सहयोगले निरन्तरता पाउने र आपसी सम्बन्ध सुमधुर हुने विश्वास उहाँले व्यक्त गर्नुभयो। भेटघाटका अवसरमा प्रहरी महानिरीक्षक सिंह र महामहिम राजदूत थम्पसनबीच दुई पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल समेत भएको थियो।

## प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहबाट जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गा परिसरमा नवनिर्मित भवनहरूको उद्घाटन



*ओखलढुङ्गा, ११ मंसिर*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाको परिसरमा नवनिर्मित कार्यालय, कार्यालय प्रमुख निवास, सिनियर प्रहरी अधिकृत आवास भवन, हिरासत कक्ष, व्यारेक तथा भान्साघरको आयोजित एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो । सो अवसरमा प्रहरी महानिरीक्षक सिंहले नवनिर्मित भवनहरूको निरीक्षण गर्नुका साथै भवन निर्माणमा सहयोग पुऱ्याउने महानुभावहरू तथा प्रहरी कर्मचारीहरूलाई कदरपत्र र प्रशंसापत्र प्रदान गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक सिंहले प्रहरी बस्ने आवास गृह, प्रहरी प्रशासन लगायत प्रहरी कार्य सम्पादन गर्न आवश्यक पर्ने भौतिक संरचना र प्रहरीले उपभोग गर्ने सेवा सुविधाहरुको उपलब्धता प्रत्यक्ष रुपमा प्रहरीको मनोवलसँग जोडिएको उल्लेख गर्दै नवनिर्मित आधुनिक र सुविधा सम्पन्न भवनहरूले प्रहरी कर्मचारीहरुमा जिम्मेवारी निर्वाह गर्न थप ऊर्जा र हौसला थपिने विश्वास व्यक्त गर्नुभयो ।

अपराध अनुसन्धान, शान्ति सुरक्षा व्यवस्थापन लगायत विपद् उद्दार कार्यमा नेपाल प्रहरीले सदैव अग्रपंक्तिमा रहेर कार्य सम्पादन गर्दै आइरहेको बताउँदै प्रहरी महानिरीक्षक सिंहले समाजमा अशान्ति र अराजकता फैलाउने उच्छृंखल तथा आपराधिक समूह, सामाजिक हित विपरितका गैरकानुनी र अनैतिक कार्य गर्ने व्यक्ति वा समूहहरू विरूद्ध खरो रुपमा प्रस्तुत भई कुनै किसिमको दवाव र प्रभावमा नपरी कानूनी कारवाही गर्न उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

व्यक्तिगत लाभ भन्दा संगठनको हित र विकासलाई प्राथमिकतामा राखेर आफूलाई प्राप्त जिम्मेवारी ईमान्दार, कर्तव्यनिष्ठ, अनुशासित र उत्तरदायी भएर निर्वाह गर्न समेत उहाँले निर्देशन दिनुभयो । प्रहरी महानिरीक्षक सिंहले नवनिर्मित भवनहरू सबैको साझा सम्पत्ति भएको उल्लेख गर्दै यी भवनहरू प्रति अपनत्वको भाव राखेर उचित संरक्षण, संवर्धन गर्दै दिर्घकालसम्म सुरक्षित राख्न उपस्थित प्रहरी कर्मचारीहरूलाई आग्रह गर्दै प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नेदेखि वैज्ञानिक र प्राविधिक उपकरणहरूको प्राप्ति र प्रयोगद्वारा प्रहरी संगठनलाई संस्थागत रूपमा मजबुत र सक्षम बनाउन प्रहरी प्रधान कार्यालय सदैव कटिवद्ध र प्रयासरत रहेको बताउनुभयो । प्रहरी महानिरीक्षक सिंहले नेपाल प्रहरीले विभिन्न सरोकारवाला निकाय तथा पदाधिकारीहरुसँगको समन्वय र सहकार्यमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सफल भएको चर्चा गर्दै निर्वाचन सम्पन्न गराउन खटिएका समस्त सुरक्षा निकायका कर्मचारीहरू, निर्वाचन कर्मचारीहरु र सम्बन्धित निकायका पदाधिकारीप्रति विशेष धन्यवाद व्यक्त गर्दै उहाँहरूको महत्वपूर्ण भूमिकाको उच्च प्रशंसा समेत गर्नुभयो ।

१ नम्बर प्रदेश प्रहरी भौतिक पुर्वाधार शाखाका प्रमुख प्राविधिक प्रहरी उपरीक्षक ईन्जिनियर अनिल रानाले भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै उक्त भवनहरू नेपाल सरकारको नियमित बजेटबाट कूल १० करोड १० लाख ४४ हजार ९१ रूपैयाँ ८१ पैसाको लागतमा निर्माण कार्य सम्पन्न भएको जानकारी दिनुभएको उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका प्रमुख प्रहरी नायव उपरीक्षक शुकदेव खनालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, प्रहरी वरिष्ठ अधिकृतहरू, विभिन्न राजनैतिक दलका प्रतिनिधि, समाजसेवी तथा प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहबाट प्रहरी तालिम केन्द्र तथा प्रहरी अस्पताल निरीक्षण तथा निर्देशन



*बाँके, १७ मंसिर*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगंज) र लुम्बिनी प्रादेशिक प्रहरी अस्पताल नेपालगंजको निरीक्षण भ्रमण गर्नुका साथै कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन दिनुभएको छ । कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र निरीक्षण पश्चात प्रहरी कर्मचारीहरूलाई निर्देशन दिँदै प्रहरी महानिरीक्षक सिंहले प्रशिक्षणको क्रममा प्रशिक्षकहरूले आफूलाई रोल मोडलको रूपमा प्रस्तुत गर्नुपर्ने बताउनुभयो । प्रशिक्षार्थीहरूले पाउनुपर्ने सेवा सुविधामा कुनै कमी गर्न नहुने चर्चा गर्दै उहाँले तालिम केन्द्रले प्रहरी कर्मचारीको दक्षता अभिवृद्धि गर्नेतर्फ विशेष ध्यान दिएर तालिम प्रदान गर्नुपर्ने उल्लेख गर्नुभयो ।

यसैगरी प्रहरी महानिरीक्षक सिंहले लुम्बिनी प्रादेशिक प्रहरी अस्पताल नेपालगंजको निरीक्षण तथा अवलोकन भ्रमण गर्नुभएको छ । सो अवसरमा उहाँले अस्पतालको ल्याव परीक्षणलाई स्तरोन्नति गर्दै अझ उत्कृष्ट सेवा प्रदान गर्न अस्पतालमा कार्यरत प्रहरी कर्मचारीलाई निर्देशन दिनुभयो ।

साथै प्रहरी महानिरीक्षक सिंहले मंसिर १ गते जुम्ला सदरमुकामदेखि तिला गाउँपालिकास्थित मतदान केन्द्रमा मतपेटिकाको खाली बाकस बोकी जाँदै गर्दा सवारी दुर्घटनामा परी घाइते भई हाल उक्त अस्पतालमा उपचाररत जिल्ला प्रहरी कार्यालय जुम्लामा कार्यरत प्रहरी सहायक हवल्दार सुरज चन्दको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुको साथै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्नुभयो । निरीक्षण भ्रमण कार्यक्रममा लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी नायव महानिरीक्षक नल प्रसाद उपाध्याय, कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायव महानिरीक्षक पोषराज पोखरेल, कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगंज)का प्रमुख, लुम्बिनी प्रादेशिक प्रहरी अस्पताल नेपालगंजका प्रमुख लगायतका प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो ।

## प्रहरी कर्मचारीहरूले व्यावसायिक, लगनशील र निडर भई जिम्मेवारी वहन गर्नुपर्ने : प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह



*सोलुखुम्बु, २० मंसिर*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले शान्ति सुरक्षा कायम गर्न, अपराध अनुसन्धान तथा नियन्त्रणको साथै जनअपेक्षा अनुरूप प्रहरी सेवा प्रवाह गर्न सम्पूर्ण प्रहरी कर्मचारीहरूले व्यावसायिक, लगनशील र निडर भई जिम्मेवारी वहन गर्नुपर्ने बताउनुभयो। जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको निरीक्षण भ्रमण तथा मातहत प्रहरी कर्मचारीहरुलाई निर्देशनको क्रममा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले उक्त कुरा बताउनुभएको हो। निर्देशनको क्रममा प्रहरी महानिरीक्षक सिंहले प्रहरी ऐन तथा नियमावलीमा भएका व्यवस्थालाई अक्षरस: पालना गरी प्रहरी आचरण र व्यवहारमा सुधार ल्याई व्यक्तिगत लाभ भन्दा संगठनको हित र विकासलाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो। सामाजिक सञ्जालको सही सदुपयोग गरी प्रयोग गर्न तथा जनचेतनाको कमीबाट हुने घटनाहरुलाई नियन्त्रण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्न समेत उहाँले निर्देशन दिनुभयो।

प्रहरी महानिरीक्षक सिंहले सर्वोच्च शिखर सगरमाथाले परिचित पर्यटकीय जिल्ला सोलुखुम्बुमा भ्रमणको लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुको आवागमनलाई सहज र सुरक्षाको प्रत्याभूति दिलाई निर्धक्क यात्रा गर्ने वातावरण बनाउनेतर्फ प्रहरी कर्मचारीहरू थप सक्रिय हुनुपर्ने बताउनुभयो। कार्यक्रममा १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरी लगायत प्रहरी अधिकृतहरू समेतको उपस्थिति रहेको थियो।

## जीप दुर्घटनामा परी चार जना प्रहरी कर्मचारीको निधन, नौ जना घाइते

*बैतडी, ५ मंसिर*

पाटन नगरपालिका-४ थुमस्थित सडकमा से.१ ज ८५४ नम्बरको जिप दुर्घटना हुँदा जिपमा सवार प्रहरी सहायक हवल्दार अर्जुन कठायत, प्रहरी जवानहरू रमेश सिंह साउद, लोक बहादुर बाठामगर र दिर्घ बिष्ट गरी ४ जना प्रहरी कर्मचारीको निधन भएको छ। निर्वाचनमा सुरक्षार्थ खटिएर बैतडीको गोठालापानी मतगणनास्थलमा मतपेटिका पुऱ्याई ईलाका प्रहरी कार्यालय पाटनतर्फ जाँदै गरेको अवस्थामा उक्त जिप अनियन्त्रित भई सडकबाट अन्दाजी ४ सय मिटर तल खसेर दुर्घटना हुँदा गम्भीर घाइते भएका चारै जनाको प्राथमिक स्वास्थ्य केन्द्र पाटनमा उपचारको क्रममा निधन भएको हो। जिपमा १२ जना प्रहरी कर्मचारी र जिप चालकसहित १३ जना सवार रहेकोमा अन्य ९ जना घाइते भएका छन्। गम्भीर घाइते अवस्थामा रहेका ४ जना प्रहरी कर्मचारी र जिपका चालक गरी ५ जनालाई नेपाली सेनाको हेलिकोप्टरद्वारा नेपालगंज लगि कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको छ। अन्य ४ जनाको प्राथमिक स्वास्थ्य केन्द्र पाटनमा उपचार भइरहेको र अवस्था मध्यम रहेको छ। दुर्घटनास्थलमा जिल्ला प्रहरी कार्यालय बैतडी र ईलाका प्रहरी कार्यालय पाटनबाट खटिएको प्रहरीले आवश्यक उद्दार कार्य एवं थप अनुसन्धान गरिरहेको छ।

## नवनियुक्त प्रहरी निरीक्षकहरू दर्ज्यानी चिन्हद्वारा सुशोभित



*काठमाडौं, २१ मंसिर*


खुला प्रतियोगिताद्वारा जनपद प्रहरी समूहतर्फ प्रहरी निरीक्षक पदमा नवनियुक्त भएकामध्ये विभागीयतर्फका १ सय ११ जना प्रहरी निरीक्षकहरु दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ। प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रममा उहाँहरूलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको हो। २०७८ मंसिर १० गते प्रकाशित विज्ञापन अनुसार खुला प्रतियोगिताको २०७९ मंसिर ८ गते प्रकाशित अन्तिम नतिजामा विभागीयतर्फ १ सय ११ र खुलातर्फ ३५ जना गरी कुल १ सय ४६ जना प्रहरी निरीक्षकहरु उत्तीर्ण हुनुभएको छ। जसमा १७ जना महिला हुनुहुन्छ।

नेपाल सरकार गृह मन्त्रालय सचिवस्तरको २०७९ मंसिर १२ गतेको निर्णयले मंसिर १५ गतेदेखि लागू हुने गरी उहाँहरु प्रहरी निरीक्षक पदमा नियुक्त हुनुभएको हो। दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रममा उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन सम्बोधन गर्ने क्रममा प्रहरी महानिरीक्षक सिंहले नवनियुक्त भएका प्रहरी अधिकृतहरूलाई बधाई दिँदै आगामी दिनमा अझ बढी व्यावसायिकता प्रदर्शन गर्दै प्राप्त जिम्मेवारीलाई वहन गर्न निर्देशन दिनुभयो। नवनियुक्त अधिकृतहरूबाट संगठनको श्रीवृद्धिका लागि अझ बढी उर्जा प्राप्त हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।


प्रहरी महानिरीक्षक सिंहले हालै सम्पन्न भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ मा सम्पूर्ण कर्मचारीहरूले उच्च व्यावसायिकता प्रदर्शन गरी निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सफल भएको चर्चा गर्दै निर्वाचन सम्पन्न गराउन खटिएका समस्त प्रहरी कर्मचारीहरूलाई विशेष धन्यवाद व्यक्त गर्नुभयो। उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृतहरु तथा प्रहरी अधिकृतहरु समेतको उपस्थिति रहेको थियो।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको मंसिर महिनाको अपराध तथ्याङ्क प्रस्तुति





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (असोज-मंसिर)




## त्रैमासिक मुद्धा दर्ता र फछर्यौट संख्या (असोज-मंसिर)





## अपराध तंथ्याक (०७६/०७७ देखि ०७९/०८० मंसिर सम्म)




## जघन्य अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व. २०७९।०८० मंसिर)





## गम्भीर अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व. २०७९।०८० मंसिर)




## सामान्य अपराधको प्रदेशगत बिश्लेषण(आ.व. २०७९।०८० मंसिर)





## मंसिर महिनामा घरेलु हिंसा सम्बन्धी तथ्याङ्क विश्लेषण:



## मंसिर महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध बिश्लेषण





## मंसिर महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:




## मंसिर महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| सि.नं. | प्रदेश/उपत्यका/ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २६ | २१ वर्ष ९ महिना ८ दिन | रु८७.,००,८३३।- |
| २. | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | २१ | २६ वर्ष ८ महिना २० दिन | रु३.,३६,४००।- |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३७ | २२ वर्ष ४ महिना | रु५.,६३,१५६।- |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २० | ३३ वर्ष ११ महिना १० दिन | रु२.,३०,७३,२९४।- |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | २१ | ३ वर्ष ९ महिना १० दिन | रु१.,०३,०८०।- |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | २७ | ७० वर्ष ६ महिना ७ दिन | रु२.,८२,९२३।- |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ५४ | ७५ वर्ष ३ महिना ३ दिन | रु१.,६७,३२४।- |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ० | - | - |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ९ | १ महिना १४ दिन | रु१.,५३,९०,०००।- |
| | जम्मा | २१५ जना | २५४ वर्ष ५ महिना १२ दिन | रु४.,८६,१७,०१०।- |

## मंसिर महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्धा संख्या





## कार्तिक र मंसिर महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या




# प्रहरी सेवा प्रवाह

## मंसिर महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण





## सामुदायिक प्रहरी गतिविधि

मंसिर महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)



# आसरा सुधार केन्द्र

## मंसिर महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण





## मंसिर महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | १३ जना। |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ०३ जना। |
| ३ | हराएका विदेशी नागरिक | ० जना । |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | ८,०६३ जना। |
| ५ | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | - |

# खोजतलास तथा समन्वय

## मंसिर महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## मंसिर महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट मंसिर महिना भित्र बिभिन्न ११ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, सार्वजनिक अपराध, बिद्युतिय कारोबार, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी) अन्तर्गत ३९ वटा मुद्दाको १५३ वटा सबुदहरु परिक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा

- मंसिर महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघीय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७९ /०८/०१ गते देखि ऐ मंसिर २९ गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि ४४३ केशहरु र २५९५ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी ४२५ केशहरु परीक्षण गरिएको ।
- (AFIS) मा ६६१ DATA Entry भएको ।


## केनाईन महाशाखा, महाराजगञ्ज

### मंसिर महिनामा परिचालित मासिक डिउटी संख्या






नेपाल प्रहरी मोबाईल एप्स Google Play र Apple App Store मा उपलब्ध छ ।
नेपाल प्रहरीको मोबाईल एप्स प्रयोग गरी निम्न सुविधाहरू लिन सकिन्छ।



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### खुकुरी प्रहार गरी घाइते बनाएको अभियोगमा तीन जना पक्राउ

*मोरङ, ३ मंसिर*

उर्लाबारी नगरपालिका-४ बस्ने २५ वर्षीय गौतम तामाङ सहित ३ जनालाई खुकुरी प्रहार गरी घाइते बनाएको अभियोगमा सोही नगरपालिका-५ बस्ने २६ वर्षीय आसाङ लिम्बु समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सोही नगरपालिका-६ स्थित तत्काल बन्द रहेको तरुण क्याफेको बाहिर पट्टीको बार्दलीमा पुरानो रिसिबीको कारण दुई पक्षबीच खुकुरी प्रहार हुँदा गौतम तामाङ सहित ३ जना घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले घटनामा संलग्न लिम्बु समेत ३ जनालाई खुकुरी सहित पक्राउ गरेको हो। खुकुरी प्रहारबाट गम्भीर घाइते भएका गौतमको बिएण्डसी अस्पताल बिर्तामोड झापामा र अन्य दुई जना सामान्य घाइतेको गोदावरी अस्पताल उर्लाबारी र आश्रय मेडिकलमा उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*बारा, ३ मंसिर*

आफ्नै बुबा ५० वर्षीय शुकर पासवानको हत्या गरेको अभियोगमा बिश्रामपुर गाउँपालिका-५ इटयाही बस्ने २० वर्षीय प्रदेशिक पासवानलाई कात्तिक २७ गते प्रहरीले पक्राउ गरेको छ । घरायसी वादविवादमा प्रदेशिकले आफ्नै बुबालाई दाउरा प्रहार गर्दा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी मुसहर्वाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । गम्भीर घाइते शुकरको एनएमसी अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको थियो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कुटपिटबाट दुई जनाको मृत्यु, घटनामा संलग्न व्यक्तिहरु प्रहरी नियन्त्रणमा

*काठमाडौं, ४ मंसिर*

भक्तपुर, चाँगुनारायण नगरपालिका-८ कलमसी बस्ने ६१ वर्षीय कुमाल सुनार पक्ष र उनकै छिमेकी ४२ वर्षीय राजु सुनार पक्षबीच एक आपसमा झै-झगडा भई कुटपिट हुँदा कुमाल सुनारको मृत्यु भएको छ। झगडामा गम्भीर घाइते भएका उनको मध्यपुर अस्पताल ठिमीमा उपचारको क्रममा मृत्यु भएको हो । घटनाको खबर प्राप्त हुनासाथ प्रहरी वृत्त जगातिबाट खटिएको प्रहरीले झगडामा संलग्न चाँगुनारायण नगरपालिका-८ कलमसी बस्ने ४१ वर्षीय राजन सुनार सहित १० जनालाई नियन्त्रणमा लिएको छ।

सर्लाही, गोडैता नगरपालिका-६ बगदहस्थित चुनावको विषयलाई लिएर दुई पक्षबीच झै-झगडा भई कुटपिट हुँदा सोही ठाउँ बस्ने ६५ वर्षीय रामएकबाल रायको मृत्यु भएको छ। उक्त स्थानमा दुई पक्षबीच झगडा हुँदा ६ जना घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी गोडैताबाट खटिएको प्रहरीले घाइतेलाई उपचारका लागि कृष्ण मेडिकल एण्ड रिसर्च सेन्टर जनकपुर पठाएकोमा उपचारको क्रममा रायको मृत्यु भएको हो। अन्य घाइतेको अवस्था सामान्य रहेको छ। कुटपिटमा संलग्न सोही ठाउँ बस्ने बस्ने १९ वर्षीय बिक्रम रायलाई प्रहरीले नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### धारिलो हतियार प्रहारबाट एक जनाको मृत्यु

*नवलपरासी (पश्चिम), ७ मंसिर*

बागलुङ बडिगाड गाउँपालिका-४ जलजला बस्ने ४६ वर्षीय दिलिप कुमार पुनको अपरिचित पुरूष व्यक्तिले धारिलो हतियार प्रहार गर्दा मृत्यु भएको छ । बर्दघाट नगरपालिका-४ स्थित खाजा पसलको कोठाभित्र बसिरहेको अवस्थामा अपरिचित व्यक्तिले धारिलो हतियार प्रहार गर्दा दिलिपको घटनास्थलमै मृत्यु भएको र दिलिपसँग रहेकी ४७ महिला समेत गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बर्दघाटबाट खटिएको प्रहरीले महिलालाई उपचारको लागि भैरहवा मेडिकल कलेज रुपन्देही पठाएको छ। घटनास्थलमा जिल्ला प्रहरी कार्यालय समेतबाट खटिएको प्रहरीले घटनामा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

*बर्दिया, १२ मंसिर*

आफ्नै श्रीमती २६ वर्षीया नानकला बस्नेतको कुटपिट गरी हत्या गरेको अभियोगमा गुलरिया नगरपालिका-१ गाउँ नम्बर १५ बस्ने २७ वर्षीय बोधराज बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। बोधराजको कुटपिटबाट गम्भीर घाइते भएकी नानकलाको उपचारको लागि बर्दिया अस्पताल गुलरियातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### जग्गाको विषयलाई लिएर कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

*सर्लाही, २७ मंसिर*

जग्गाको विषयलाई लिएर कुटपिट गरी चक्रघट्टा गाउँपालिका-२ भेल्ही बस्ने ७० वर्षीया सागर देवीको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने उनकै देवर नाता पर्ने ६५ वर्षीय पुकार रायलाई प्रहरीले पक्राउ गरेको छ।

पुकार राय, उनको छोरा ४० वर्षीय जितु भन्ने जितेन्द्र राय र बुहारी ३० वर्षीया अनिता देवी राय समेत मिली जग्गाको विषयलाई लिएर कुटपिट गर्दा सागर देवीको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सर्लाही र प्रहरी चौकी सुन्दरपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। घटनामा संलग्न हाल फरार जितेन्द्र र अनिताको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

## बेलायत पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

*काठमाडौं, २ मंसिर*

बेलायत पठाइदिन्छु भनि नगद ११ लाख २० हजार रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं मैतिदेवी बस्ने सोलुखुम्बु थुलुङ गाउँपालिका-२ ठेगाना भएका ३३ वर्षीय तिलक बहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं पुतलीसडकस्थित रेडजोन फाउन्डेसन कन्सलटेन्सीका संचालक समेत रहेका बस्नेतले पीडितहरूलाई अमेरिका, बेलायत लगायतका देशमा भिषा उपलब्ध गराउने भन्दै प्रलोभन देखाई पटक पटक गरी उक्त रुपैयाँ ठगी गरेको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा उक्त कन्सलटेन्सी शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय शैक्षिक परामर्श तथा प्रमाणिकरण शाखाबाट अनुमति समेत नलिई संचालन गरेको पाइएपछि उनलाई काठमाडौं पुतलीसडकबाट पक्राउ गरेको हो। उनी उपर ठगी सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौंमा पठाइएको छ।

## अमेरिका तथा पोर्चुगल पठाईदिन्छु भनी रकम ठगी गर्ने दुई जना पक्राउ

*काठमाडौं, १२ मंसिर*

अमेरिका तथा पोर्चुगल पठाईदिन्छु भनी रकम ठगी गरेको अभियोगमा रामेछाप, रामेछाप नगरपालिका-५ घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका-५ बस्ने ३४ वर्षीय योगेश राज श्रेष्ठ र सर्लाही हरिपुर नगरपालिका-१ घर भई हाल काठमाडौं महानगरपालिका-३२ सुविधानगर तिनकुने बस्ने ३० वर्षीया धन कुमारी ओलीलाई प्रहरीले पक्राउ गरेको छ।

अमेरिकाको प्रतिष्ठित कम्पनीमा लगेर काममा लगाइदिने र त्यसका लागि प्रतिव्यक्ति २५ लाख रूपैयाँ लाग्छ भन्दै प्रलोभनमा पारी पीडितबाट १४ लाख ७ हजार रूपैयाँ रकम ठगी गरी सम्पर्क विहीन भएका योगेश राजलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले ललितपुर सातदोबाटोबाट पक्राउ गरेको हो। साथै धन कुमारी समेतले विभिन्न व्यक्तिहरूलाई पोर्चुगल पुगेपछि प्रतिष्ठित होटलमा काममा लगाइदिन्छु प्रतिव्यक्ति १३ लाख रूपैयाँ लाग्छ भन्दै प्रलोभनमा पारी पीडितहरूबाट २१ लाख रूपैयाँ ठगी गरी सम्पर्क विहीन भएकोमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले धन कुमारीलाई ललितपुर सातदोबाटोबाट पक्राउ गरेको हो। उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौ पठाइएको छ।

## मन्दिरबाट विभिन्न मूर्तिहरू चोरी

*ललितपुर, १४ मंसिर*

गोदावरी नगरपालिका-५ लेलेस्थित जलकुमारी बालकुमारी मन्दिरमा रहेका ३३ कोटी देवताहरुको मूर्तिमध्येबाट २५ वटा स-साना सहायक मूर्तिहरु चोरी भएको छ। मूर्तिहरू चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी लेले र प्रहरी वृत्त चापागाँउबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## बहुउदेश्यीय सहकारी संस्थाबाट नगद चोरी

*काठमाडौं, १५ मंसिर*

चन्द्रागिरी नगरपालिका-१२ बलम्बुस्थित कुमारी बहुउदेश्यीय सहकारी संस्थामा झ्यालको ग्रिल फोडी संस्थाको कार्यालयमा रहेको काठको दराजबाट नगद १ लाख रूपैयाँ चोरी भएको छ। चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## मोटरसाइकल चोरी गरी भाग्दै गरेको अवस्थामा पक्राउ

*धनुषा, २० मंसिर*

जनकपुर उपमहानगरपालिका-९ संकटमोचन मन्दिर नजिक पार्किङ गरी राखेको अन टेष्ट लेखिएको मोटरसाइकल चोरी गरी भाग्दै गरेको अवस्थामा महोत्तरी लोहरपट्टी नगरपालिका-२ मध्येपुर टोल बस्ने १९ वर्षीय शंकर कुमार दासलाई प्रहरीले पक्राउ गरेको छ। उक्त मोटरसाइकल चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जनकपुरधाम र ट्राफिक पोष्ट जनकपुरधामबाट खटिएको प्रहरीले मोटरसाइकल चोरी गरी भाग्दै गरेको अवस्थामा उनलाई फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, २१ मंसिर*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी दोलखा भिमेश्वर नगरपालिका-३ चरिकोट ठेगाना भएका ७० वर्षीय जनक बहादुर कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटनको २०७६ पुस २७ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ४१ लाख रूपैयाँ जरिवाना र ७ दिन कैद सजाय ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले दोलखा चरिकोटबाट पक्राउ गरेको हो। कार्कीले २०७५ चैत १९ गते प्रभु बैंक लिमिटेडमा रहेको आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी जानी जाहेरवालालाई झुक्याई दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै अदालतले उनी उपर उक्त फैसला गरेको थियो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत दोलखामा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय दोलखामा पठाइएको छ।

## इंडियन आर्मी बनाईदिन्छु भनी ठगी गरेको अभियोगमा पक्राउ

*मोरङ, २५ मंसिर*

इंडियन आर्मी बनाईदिन्छु भनी करिब २ करोड रूपैयाँ ठगी गरेको अभियोगमा पथरीशनिश्चरे नगरपालिका-३ बस्ने ४३ वर्षीय नरेन्द्र पाख्रिङ तामाङलाई प्रहरीले पक्राउ गरेको छ। तामाङले करिब २५ जना व्यक्तिहरुलाई इंडियन आर्मी बनाउँछु भनि जनही ५ देखि ६ लाख उठाई उक्त रुपैयाँ ठगी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरीले उनलाई उनकै घरबाट पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ७ मंसिर*

भक्तपुर, ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा महोत्तरी बर्दिबास ढुङ्ग्रे घर भई भक्तपुर सूर्यविनायक नगरपालिका-१ सिरूटार बिरूवा बस्ने १९ वर्षीय निशान तामाङलाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई निशानले कात्तिक २८ गते आफ्नै कोठामा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । दाङ, ३६ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा शान्तिनगर गाउँपालिका-२ बाघमारे बस्ने ४० वर्षीय नवराज डाँगीलाई प्रहरीले पक्राउ गरेको छ । ती महिलालाई सोही ठाउँस्थित बाँसको झाडीमा लगी नवराजले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय खिलतपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*दाङ, ९ मंसिर*

१४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा घोराही उपमहानगरपालिका-१७ बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । किशोरीलाई ती किशोरले जबरजस्ती करणी गरेको उजुरीको आधारमा प्रहरी चौकी गोग्लीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी र डाँका मुद्दाका फरार प्रतिवादी पक्राउ

*झापा, १३ मंसिर*

जबरजस्ती करणी र डाँका मुद्दाका फरार प्रतिवादी कन्काई नगरपालिका-४ बस्ने ७७ वर्षीय धनपति ढुङगानालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत झापाको २०६७ पुस १३ गतेको फैसलाले जबरजस्ती करणी र डाँका मुद्दामा ६ वर्ष कैद र ७५ हजार रूपैयाँ जरिवाना सजाय ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत झापा चन्द्रगढीमा उपस्थित गराइएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय भद्रपुर चन्द्रगढी पठाइएको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*डोल्पा, १८ मंसिर*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ठुलीभेरी नगरपालिका-५ बस्ने २६ वर्षीय कुमार बुढालाई प्रहरीले पक्राउ गरेको छ । बुढाले ती बालिकालाई गत सोही ठाउँस्थित लाग्माको जंगलमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी माझफालबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ


*तेह्रथुम, २१ मंसिर*

१६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा सुनसरी दुहवी नगरपालिका-९ छाताबेली बस्ने ३० वर्षीय तजमुल ईस्लाम मियालाई प्रहरीले पक्राउ गरेको छ । तजमुलले ती किशोरीलाई मंसिर १६ गते राति तेह्रथुम लालिगुराँस नगरपालिका-२ बसन्तपुरस्थित होटलमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय दुहवीबाट खटिएको प्रहरीले सुनसरी दुहवी नगरपालिका-९ छाताबेलीस्थित गाउँघरमा लुकीछिपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*कञ्चनपुर, २५ मंसिर*

१७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बेलौरी नगरपालिका-२ भौसडी बस्ने ३७ वर्षीय सादु राम राना, ३३ वर्षीय हरि शंकर वोट र २० वर्षीय दिपक वोटलाई प्रहरीले पक्राउ गरेको छ । सादु राम रानाले ती किशोरीलाई गत भाद्र महिनामा ललाई फकाई सोही ठाउँस्थित उखुवारीमा र हरि शंकर तथा दिपकले गत असोज महिनामा सोही ठाउँस्थित आँपबारीमा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।



# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध गाँजा बरामद

*धनुषा, ७ मंसिर*

सबैला नगरपालिका-१२ रघुनाथपुर नहरचोकबाट अवैध लागूऔषध गाँजा १९ केजी ५ सय ग्राम प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी बरमझीयाबाट खटिएको गस्ती टोलीलाई देख्नासाथ हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार दुई जना व्यक्तिले मोटरसाइकलमा बोकी ल्याएको बोरा फाली फरार भएपछि बोरा तलासी गर्दा उक्त परिमाणको गाँजा फेला परेको हो। हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*धादिङ, ९ मंसिर*

गल्छी गाउँपालिका-६ चिसापानीबाट अवैध लागूऔषध गाँजा करिब ६ केजी सहित रुपन्देही तिलोतमा नगरपालिका-१ बस्ने ३२ वर्षीय तिल बहादुर थारुलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय गजुरीबाट खटिएको प्रहरीले काठमाडौंबाट भैरहवातर्फ जाँदै गरेको ना.५ ख ७३९६ नम्बरको ट्रक जाँच गर्ने क्रममा लुकाई छिपाई ल्याएको उक्त गाँजा फेला पारी ट्रक चालक थारुलाई पक्राउ गरेको हो। थप अनुसन्धानको क्रममा उक्त गाँजा पठाउने बागमती प्रदेश ०२-०३१ प ०६८० नम्बरको मोटरसाइकल चालक धादिङ गल्छी गाउँपालिका-६ बस्ने २३ वर्षीय बिमल तामाङ र सोही मोटरसाइकलमा सवार गल्छी गाउँपालिका-५ बस्ने २५ वर्षीय सुनिल तामाङलाई समेत प्रहरीले मोटरसाइकल सहित पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, १४ मंसिर*

उदयपुर, कटारी नगरपालिका-६ साँगुरीबाट अवैध लागूऔषध गाँजा करिब ६० केजी सहित ताप्ली गाउँपालिका-२ धपने बस्ने २७ वर्षीय सरोज राईलाई प्रहरीले पक्राउ गरेको छ। राईले ताप्लीबाट मिर्चैयातर्फ ३ वटा बोरामा उक्त परिमाणको गाँजा लैजादै गरेको अवस्थामा प्रहरी चौकी रिस्कुबाट खटिएको प्रहरीले फेला पारी पक्राउ गरेको हो।

कैलाली, लम्कीचुहा नगरपालिका-८ गोप्का बस्ने ४० वर्षीय गोपी उखेडालाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ४ सय २० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट चुहाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

स्याङजा, गल्याङ नगरपालिका-१ राम्दी चेकपोष्टबाट अवैध लागूऔषध गाँजा करिब ७ सय ५० ग्राम सहित पाल्पा तानसेन नगरपालिका-१२ बस्ने २४ वर्षीय बल बहादुर बिकलाई प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट राम्दीबाट खटिएको प्रहरीले बुटवलबाट पोखरातर्फ जाँदै गरेको लु.२ ख ८४२६ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार बिकलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ तथा बरामद

*काठमाडौं, १८ मंसिर*

काठमाडौं, दक्षिणकाली नगरपालिका-१ चाल्नाखेलबाट नियन्त्रित लागूऔषध डाईजेपाम १ सय ९० एम्पुल, फेनारगन १ सय ९० एम्पुल, नुर्फिन १ सय ९० एम्पुल, नाईट्राजेपाम ट्याब्लेट २ पत्ता र नगद ११ हजार ५ सय ३० रूपैयाँ प्रहरीले बरामद गरेको छ। हेटौंडाबाट काठमाडौंतर्फ आउँदै गरेको बा.७७ प ७४९८ नम्बरको मोटरसाइकललाई प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार व्यक्तिहरुले मोटरसाइकल र झोला छोडी फरार भएपछि झोला जाँच गर्दा उक्त लागूऔषध फेला परेको हो। हाल फरार व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ।

रौतहट, गौर नगरपालिका-३ दाल मिलस्थित फलक पोल्ट्री फर्म नामक कुखुरा फर्मबाट १ सय ८० केजी अवैध लागूऔषध गाँजा सहित मकवानपुर थाहा नगरपालिका-३ बस्ने २१ वर्षीय सुरेन्द्र स्याङताङलाई प्रहरीले पक्राउ गरेको छ। उक्त कुखरा फर्मभित्र लागूऔषध गाँजा राखेको भन्ने विषेश सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले तलासी गर्दा कुखुरा फर्मभित्र उक्त परिमाणको लागूऔषध फेला पारेको थियो। साथै सोही स्थानमा पार्किङ गरी राखेको बाग्मती प्रदेश ०१-००६-ख २८३० नम्बरको मिनि ट्रक समेत फेला परेकोले ट्रक चालक सुरेन्द्र स्याङताङलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा ट्रकमा उक्त लागूऔषध ल्याएको खुल्न आएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो।

पर्सा, संखुवा प्रसौनी गाउँपालिका-२ नौवगछियाबाट अवैध लागूऔषध गाँजा करिब १५ केजी प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय एकटांगाबाट खटिएको प्रहरीलाई देख्नासाथ हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार व्यक्तिले झोला फाली मोटरसाइकल सहित फरार भएपछि झोला तलासी गर्दा उक्त गाँजा फेला परेको हो। हाल फरार व्यक्तिको प्रहरीले खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित छुट्टाछुट्टै स्थानबाट पाँच जना पक्राउ

*काठमाडौं, २९ मंसिर*

सर्लाही, लालबन्दी नगरपालिका-५ बाट अवैध लागूऔषध गाँजा १० किलो सहित भारत घर भएका २५ वर्षीय राजबबर सिंहलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय लालबन्दीबाट खटिएको प्रहरीले बीआर ३० कियू ७१२३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा कार्टुनमा बाँधी ल्याउँदै गरेको उक्त गाँजा सहित फेला पारी उनलाई पक्राउ गरेको हो।

सुनसरी, धरान उपमहानगरपालिका-५ देउराली सिरान बस्ने २६ वर्षीय अमन राई र सोही उपमहानगरपालिका-३ शिक्षा सदन बस्ने ३२ वर्षीय मन कुमार श्रेष्ठलाई नियन्त्रित लागूऔषध सहित प्रहरीले पक्राउ गरेको छ। उनीहरूमध्ये राईले आफ्नै कोठामा लुकाई राखेको नियन्त्रित लागूऔषध ट्रामाडोल ५ हजार ३९ ट्याब्लेट, स्पास्पेइन २ हजार ६ सय ४० ट्याब्लेट र नगद ५५ हजार ६ सय ५४ रुपैयाँ र श्रेष्ठलाई नियन्त्रित लागूऔषध डाइजेपाम १ सय ५६ एम्पुल, ट्रामाडोल १ हजार ट्याब्लेट, स्पास्पेइन १ हजार ५ सय ट्याब्लेट र नगद १० हजार २ सय ९० रूपैयाँ सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## अनलाईन सट्टेबाजी (जुवा) खेलिरहेको अवस्थामा ४४ जना भारतीय नागरिक पक्राउ

*काठमाडौं, २ मंसिर*

नेपाल र युएईबीच नेपालस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा सञ्चालित एक दिवसीय क्रिकेट सिरिज भइरहेको स्थानमा अनलाईन लाईभ सट्टेबाजी (जुवा) खेलिरहेको अवस्थामा ४४ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ।

उक्त स्थानमा भारतमा दर्ता रहेका बिभिन्न अनलाईन साईटहरुमार्फत व्यावसायिक रुपमा अनलाईन सट्टेबाजी (जुवा) खेलि/खेलाइरहेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले अनलाईन लाईभ सट्टेबाजी (जुवा) खेलिरहेको अवस्थामा व्यावसायिक रुपमा सट्टेबाजी (जुवा) मा संलग्न रहेका उनीहरूलाई पक्राउ गरेको हो। उनीहरू उपर जुवा ऐन अन्तर्गत कारवाहीको लागि अनुसन्धान कार्य भइरहेको छ।

## श्रोत नखुलेको नगद सहित एक जना पक्राउ

*काठमाडौं, ११ मंसिर*

काठमाडौं महानगरपालिका-९ स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक उडानतर्फबाट श्रोत नखुलेको तथा भन्सार उद्घोष नगरेको नगद १३ लाख ८९ हजार रुपैयाँ सहित भारत घर भएका अकबाल अलीलाई प्रहरीले पक्राउ गरेको छ। बुद्ध एयरको उडानद्धारा विराटनगर जान लागेको अवस्थामा विमानस्थलमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा १ हजार दरको ४ सय ८४ थान र ५ सय दरको १ हजार ८ सय १० थान समेत गरी जम्मा १३ लाख ८९ हजार रुपैयाँ नगद सहित फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## भन्सार छलि गरेको रासायनिक मल सहित ट्रक चालक पक्राउ

*सुनसरी, ११ मंसिर*

कोशी गाउँपालिका-४ बाट करिब १० लाख ३२ हजार रूपैयाँ मूल्य बराबरको भन्सार छलि गरेको रासायनिक मल सहित बी आर ०६ जीसी १२०३ नम्बरको भारतीय ट्रकका चालक भारत मझेपुर ग्राम पञ्चायत बोधवा-१२ बस्ने २० वर्षीय धरमेस कुमारलाई प्रहरीले पक्राउ गरेको छ। उक्त ठाउँस्थित कोशी कटान चेक पोष्टमा चेकिङ गर्ने क्रममा उक्त ट्रकमा भन्सार छली गरेको उक्त मुल्य बराबरको मल फेला पारी ट्रक सहित चालकलाई प्रहरीले पक्राउ गरेको हो। बरामद ट्रक र मल सेतुबन्धु भन्सार कार्यालय कोशिब्यारेजमा बुझाइएको छ।

## श्रोत नखुलेको नगद सहित एक जना पक्राउ

*काठमाडौं, ११ मंसिर*

काठमाडौं महानगरपालिका-९ स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक उडानतर्फबाट श्रोत नखुलेको तथा भन्सार उद्घोष नगरेको नगद १३ लाख ८९ हजार रुपैयाँ सहित भारत घर भएका अकबाल अलीलाई प्रहरीले पक्राउ गरेको छ। बुद्ध एयरको उडानद्धारा विराटनगर जान लागेको अवस्थामा विमानस्थलमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा १ हजार दरको ४ सय ८४ थान र ५ सय दरको १ हजार ८ सय १० थान समेत गरी जम्मा १३ लाख ८९ हजार रुपैयाँ नगद सहित फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बिल भरपाई भन्दा बढी मूल्यको विभिन्न सामान बरामद

*बारा, १३ मंसिर*

जितपुरसिमरा उपमहानगरपालिका-१ पथलैया तिनकुने चोकबाट ना.३ ख ५१६५ र ना.६ ख ४९४२ नम्बरको दुई वटा ट्रकबाट बिल भरपाई भन्दा बढी करिब ८५ लाख १२ हजार ६ सय २८ रूपैयाँ मूल्य बराबरको कपडा, औषधि, किराना सामानहरू र मोर्टस पार्टहरु प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरीले वीरगंजबाट हेटौंडातर्फ जाँदै गरेका उक्त ट्रकहरुमा जाँच गर्दा दुवै ट्रकमा उक्त सामानहरू फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## विभिन्न कार्यालयको छाप सहित एक जना पक्राउ

*बाग्लुङ, १२ मंसिर*

बागुलङ नगरपालिका-३ बुद्दचोकस्थित जिल्ला प्रशासन कार्यालय बागलुङको परिसरबाट विभिन्न कार्यालयको छाप ४ थान, विभिन्न कामको लागि सिफारिस गरिएको कागज पत्रहरु, ल्यापटप १ थान, पेन ड्राईभ १ थान र नगद ६३ हजार रूपैयाँ सहित गोरखा लखन गाउँपालिका-६ घर भई हाल बागलुङ बस्ने ३१ वर्षीय आकाश चन्द्र परियारलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बाग्लुङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरी यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## साइबर ब्यूरोको नक्कली फेसबुक पेज बनाएको अभियोगमा पक्राउ

*काठमाडौं, २० मंसिर*

नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोको नक्कली फेसबुक पेज बनाएको अभियोगमा चितवन रत्ननगर नगरपालिका-५ झुवानीटोल बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। सर्वसाधारणलाई झुक्यानमा पारी ठगी गर्ने अभिप्रायले उक्त ब्यूरोको नक्कली फेसवुक पेज बनाउने कार्यमा संलग्न उनलाई जिल्ला प्रहरी कार्यालय चितवनको सहयोगमा नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनी उपर विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## भन्सार छलि ल्याउँदै गरेका विभिन्न ब्राण्डका अवैध मदिरा सहित पक्राउ

*झापा, ६ मंसिर*

अवैध रूपमा भारतबाट भन्सार छलि ल्याउँदै गरेको करिब ५ लाख ६५ हजार रुपैयाँ बराबरको बिभिन्न ब्राण्डका मदिरा सहित बिर्तामोड नगरपालिका-३ घर भएका २६ वर्षीय जिवन दाहाललाई प्रहरीले पक्राउ गरेको छ। बिभिन्न प्रकारका ब्राण्डेड मदिरा अवैध रुपमा भारतबाट भन्सार छली कोठामा ल्याई बेचबिखन गरिरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मदिरा जेडी २१ थान, डबल बल्याक २१ थान , भोडका १८ थान र जेगा मास्टर १७ थान सहित फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गारिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – ज.ज.क

मिति २०७९।०७।२९ गते अं.१३:३० वजेको समयमा ललितपुर जिल्ला ललितपुर ल.पु.म.न.पा. वडा नं. ३ धोविघाट स्थितमा प्रतिवादी विनोद वाईवाले वर्ष १४ की हाल नाम परिवर्तित जावलाखेल ११ लाई आफ्नो डेराकोठामा लगी पटक पटक जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम शान्तिटोल (क) ले मिति २०७९।०८।०१ गते जाहेरी दरखास्त पेश गरेकोमा निज प्रतिवादी विनोद वाईवालाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०८।२७ गतेको आदेशानुसार पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – ज्यान मार्ने उद्योग

मिति २०७९।०७।२६ गते साझ २०:०० बजेको समयमा जिल्ला कञ्चनपुर भि.न.पा.१५ गोबरीया स्थित नहर छेउमा हामी जाहेरवाला श्याम खुना र मुन्ना चौधरी निजहरुको घर पुऱ्याउन गई राखेको अवस्थामा वारदात स्थानको नर्सरी किनारा झाडी तर्फ लुकी बसेका ऐ.ऐ.बस्ने बर्ष १८ को प्रदिप चौधरी समेत जना ६/७ मानिसहरु आई बिना कारण धारिलो हरियार खुकुरी, रड लगायतका हातहतियार प्रहार गरी हामीसँग रहेका श्याम खुना र मुन्ना चौधरी भागी कुटपिटबाट बच्न सफल भएका र हामी जाहेरवाला भाग्न नसकेकोले अन्यायीहरुले हामीहरुलाई ज्यान मार्ने मनसायले कुटपिट गरी टाउको समेतमा चोटपटक लागि रगताम्य भई अचेत भएपछी यीनीहरु मऱ्यो भनी छाडी गएकोले यसरी बिनाकारण अन्यायीहरुले धारिलो हतियार खुकुरी समेत प्रहार गरी हामी दुबै जनालाई मार्न खोज्ने अन्यायीहरुलाई पक्राउ गरी हदै सम्मको सजाय गरी पाउँ भन्ने समेत ब्यहोराको सुबास डगौरा र महेश खुनाको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालत कञ्चनपुरको मिति २०७९।०८।१७ गतेको आदेशले निज प्रतिवादीलाई जनही रु.२० हजार धरौटी लिई तारेखमा छोडिएको।

## मुद्दा शीर्षक – मा.बे.बि. तथा ओसारपसार

मिति २०६३ ।०८।१५ गते जिल्ला झापा झापा गा.पा. वडा नं. ०३ बस्ने डबली भन्ने मुना बिश्वकर्माले जाहेरवाला निर्मला ओलि, सांकेतिक नाम "ट"(०७९/०८०) लाई घरेलु काममा लगाई दिन्छु भनी प्रलोभन देखाई घरबाट लगि भारतको दिल्ली हुदै युपी विहारमा लगी बेची दिएकोमा मिति २०७९।०७।२१ गतेका दिन जाहेरवालाको आफन्तले फेला पारी उद्धार गरी ल्याएको हुँदा वारदातमा संलग्न प्रतिवादीलाई कारवाही गरी पाउ भन्ने जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित जिल्ला अदालत झापाको मिति २०७९।०८।२९ गतेको आदेशले निज प्रतिवादीलाई पुर्पक्षको लागि कारागार पठाईएको।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०७९।०२।१८ गते रातको अ.११:०० बजेको समयमा परिवर्तित वतन जि. ०३-०१-२ स्थित ऐ.ऐ. वस्ने वर्ष १४ की परिवर्तित नाम इलाम-ज-(०७९।०८०) लाई जिल्ला इलाम इलाम नगरपालिका वडा नं.४ वस्ने वर्ष २४ को सुजन राईले विवाह गर्छु भनि विभिन प्रलोभन देखाई जवरजस्ती करणी गरेको र हाल पीडित परिवर्तित नाम इलाम-ज-(०७९।०८०) गर्भवती समेत रहेकोले कानून वमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित इलाम जिल्ला अदालतको मिति २०७९।०८।२३ गतेको आदेशले निज प्रतिवादी सुजन राईलाई पुर्पक्षको लागि कारागार कार्यालय इलाम पठाईएको।

## मुद्दा शीर्षक – खोटा मुद्रा

मिति २०७९।०७।२४ गते (बिहीबार) अं. १७:४५ बजेको समयमा जिल्ला रौतहट मौलापुर न.पा. वडा नं. ८ सोनरनिया स्थितमा बिशेष सूचनाको आधारमा नक्कली नोटको कारोबार भईरहेको छ भन्ने खबर प्राप्त हुनसाथ यस कार्यालय तथा ई.प्र.का. मौलापुर, रौतहटबाट संयक्त रुपमा खटिएको प्रहरी टोली आनन्द कुशवाहाको साथबाट नेपाली नक्कली नोट रु. १०००/- दरको ८७ थान र सोही स्थानमा रहेको ना. ३३ प २४५१ नं.को होण्डा साईन मो.सा., ना. ३ प १६८१ नं.को बजाज बक्सर मो.सा. समेत फेला पारी उक्त नक्कली नोटको कारोबारमा संलग्न प्रतिमा देवी कुशवाहा, अमृता कुमारी, बृज किशोरा मुखिया, राजराम साह, धिरज जैसवाललाई घाईते अवस्थामा सोही स्थानमा फेला परेकोले निजहरुको शरीर रितपूर्वक तलासी लीई बृज किशोरा मुखियाको साथबाट लावा कम्पनीको मोवाईल समेत फेला पारी निजहरुलाई जरुरी पक्राउ पुर्जी दिई पक्राउ गरी बरामद दशीको सामान सहित पक्राउ परेका व्यक्तिहरुलाई यसै प्रतिवेदनसाथ दाखिला गरेका छौ। घाईते प्रहरी कर्मचारी तथा म्यादी प्रहरीहरुको घाउजाँच केश फाराम गराई औषधी उपचार खर्च समेत दिलाई भराई फरार रहेका अनिल साह समेतलाई पक्राउ गरी हाल पक्राउ परेका व्यक्तिहरु उपर कानून बमोजिम गरी पाउँ भन्ने व्यहोराको प्रतिवेदन पश्चात प्रतिवादी धिरज जयसवाल र सोनु भन्ने आनन्द कुमार कुशवाहासँग जनही रु.२०,०००/- धरौटी माग भएकोमा प्रतिवादी धिरज जयसवालले सो धरौटी रकम राखी तारेखमा छुटेको, प्रतिवादी सोनु भन्ने आनन्द कुमार कुशवाहले सो धरौटी रकम राख्न नसकी थुनामा कारागार चलान र प्रतिवादी राजाराम साह हातहतियार मुद्दामा मिति २०७९।०८।२० गते पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०७।२८ गते साँझ अं.१८;३० बजेको समयमा जिल्ला नुवाकोट दुप्चेश्वर गा.पा.वडा नं.५ भँगेरी कमारे गाँउ स्थितमा ऐ.ऐ. बस्ने केशव खतिवडाको बर्ष २० की श्रीमती सम्झना खतिवडा र छोरी बर्ष अं.३ की कृस्टिना खतिवडालाई आफ्नै घरमा ऐ.ऐ. बस्ने इर लामा तामाङको छोरा बर्ष २१ को पुश्कल तामाङ भन्ने सोनाम तामाङले धारिलो हतियार खुर्पाले घाँटी रेटी कर्तब्य गरी मारी सम्झना खतिवडाको लाश घरको अगाडि आँगन र छोरी कृस्टिना खतिवडाको लाश घर भित्र पिँडीमा छाडी खुर्पा थान-२ समेत घटनास्थलमा छाडी पुस्कल भन्ने सोनाम तामाङ घटना स्थलबाट भागी फरार भएको भन्ने ब्यहोराको सुचना प्राप्त भएकोमा निजलाई २०७९।०७।२८ गते पक्राउ गरी सम्पूर्ण अनुसन्धान पूरा गरी निज प्रतिवादी पुस्कल भन्ने सोनाम तामाङलाई मिति २०७९।०८।२१ गतेको सम्मानित जिल्ला अदालत, नुवाकोटको आदेशले पुर्पक्षको लागि कारागार कार्यालय ढुंगे नुवाकोट चलान भएको।

## मुद्दा शीर्षक – अपहरण शरीर बन्धक र जबरजस्ती करणी

मिति २०७९।०७।१२ गते बिहानको १०:०० बजेको समयमा मेरो छोरी साङ्केतिक नाम बिराटनगर ४७ पसल जानको लागि हिडेको अवस्थामा बिराटनगर राजंबशी चोक स्थित निजको डेरा कोठामा लगि बन्धक बनाई जबरजस्ती करणी गरि भोलिपल्ट जिल्ला मोरङ बेलबारी न.पा. ३स्थित आफ्नै घरमा लगि जबरजस्ती करणी गरेको हुदा कानून बमोजिम गरिपाउ भन्ने साङ्केतिक नाम बिराटनगर ४७(क) को जाहेरी दरखास्त प्राप्त भएकोमा सम्पूर्ण अनुसन्धान पूरा गरी मिसिल पेश हुँदा सम्मानित मोरं जिल्ला अदालतको मिति २०७९।०८।११ गतेको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

## नेपाल प्रहरी प्रधान कार्यालय
## अपराध अनुसन्धान विभाग
## नक्साल काठमाडौं

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np
मोबाईल: ९८५१२९९१९९ फोन: ०१- ४४१२७४८